जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

बर्षः १२, अंकः ३०९ पृष्ठः ४ | २०८२ चैत्र २२ आइतबार (Sunday 05 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

## मुसहर बालबालिकाको शिक्षाका लागि समुदायकेन्द्रित अभियान



**मणिलाल विश्वकर्मा**

लहान, २१ चैत्र। आर्थिक, सामाजिक र शैक्षिक रूपले पछाडि पारिएका मुसहर समुदायका बालबालिकाको शिक्षाका लागि सिराहाको लहान नगरपालिका क्षेत्रमा अगुवा मुसहर युवाहरूले समुदायकेन्द्रित शिक्षा सचेतना अभियान चलाएका छन्। 'हमर बच्चा हमर प्राण, शिक्षामे दियौ योगदान' अर्थात् 'मेरो बच्चा मेरो प्राण, शिक्षामा दिऔँ योगदान' भन्ने नारासहित मुसहर युवा सञ्जालको पहलमा मुलुककै सबैभन्दा ठुलो मानिएको लहान नगरपालिका क्षेत्रको मुसहर बस्तीकेन्द्रित शिक्षा सचेतना अभियान सञ्चालन गरिएको हो। उच्च शिक्षा अध्ययन गरिरहेका वा विभिन्न पेसा व्यवसायमा लागेका सचेत मुसहर युवाहरूको स्वयंसेवी अभियानअन्तर्गत हरेक शनिबार नगर क्षेत्रको मुसहर बस्तीमा स्थानीय अभिभावकहरूको भेला गरी शिक्षाको महत्व बुझाउने र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउन आग्रह गरिरहेको लहान २४ का अशोक सदायले बताए।

गत कात्तिकको अन्तिम शनिबारदेखि लहान१२ जटियाहीबाट थालिएको अभियान मेनहर्वा, लग्राहा, बलानसैर, माणिकदह, कटहा, मोतीपुर मलहनमा, हरिनगरा र माधोपुर, मोतीपुर मलहन्मा, कालाबञ्जर, भोटिया टेल, सिसवनी, जहदी, पक्की टोल, तरेगना, बसाजोडीसम्म आइपुग्दा ११ वडाक्षेत्रका मुसहर बस्तीमा सञ्चालन गरिएको उनले बताए। उनका अनुसार हरेक शनिबार नगर क्षेत्रमा पर्ने कुनै मुसहर बस्तीमा पुगेर बालबालिकालाई विद्यालय पठाउन आग्रह गरिएको छ। 'अभियानको १२औँ चरणको २१ चैतसम्म लहानको १२, १५, १६, १७, १८, १९, २०, २१, २२ र २४ नं. वडा क्षेत्रका करिब नौ सय अभिभावकहरूलाई शिक्षाको महत्व बुझाउनुका साथै आफ्ना छोराछोरीलाई विद्यालय पठाउन सम्झाउने गरिरहेका छौँ,' अगुवा लहान १ का धनिर सदायले भने। अभियानको क्रममा नगरअन्तर्गत २४ वडामा रहेका ६८ मुसहर बस्तीका करिब दुई हजार पाँच सय घरधुरीका अभिभावकहरूलाई भेट्ने योजना रहेको लहान १४ का राजेन्द्र सदायले सुनाए।

**हरेक समुदायमा निगरानी समूह**

शिक्षासँगै स्वास्थ्य र सरसफाइसम्बन्धी कुराहरूसमेत

**-बाँकी तीन पेजमा**

## कञ्चनपुर-कमला सडक विस्तारमा ढिलासुस्ती



सिरहा, २१ चैत्र। पूर्व-पश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला सडक खण्ड विस्तारमा भएको ढिलासुस्ती र त्यसबाट उत्पन्न धुवाँधुलोका कारण आजित भएका स्थानीय बासिन्दाले शुक्रबार सडक अवरुद्ध पारेका छन्। निर्माण कार्य सुरु भएको पाँच वर्ष बितिसक्दा पनि आयोजना सम्पन्न नहुँदा स्वास्थ्य समस्या र दुर्घटनाको जोखिम बढेको भन्दै लहानका बासिन्दाले यातायात सेवा ठप्प पारेका हुन्।

यो आयोजना निर्माणको ठेक्का चिनियाँ कम्पनी 'चाइना रेलवे नम्बर २ इञ्जिनियरिङ ग्रुप'ले सन् २०२० जुनमा लिएको थियो। सन् २०२० अक्टोबरदेखि निर्माण कार्य सुरु भएको थियो। योजना प्रमुख उज्वल श्रेष्ठका अनुसार सम्झौताअनुसार तीन वर्षभित्र अर्थात् सन् २०२३ अक्टोबरसम्ममा ८६.८२ किलोमिटर लामो यो सडकखण्ड विस्तार गरिसक्नुपर्ने थियो। तर निर्धारित समयमा काम

**-बाँकी तीन पेजमा**

## एसईईमा लापरबाही : सिरहामा २ केन्द्राध्यक्ष र ४ जना निरीक्षक निष्कासित

**सुरेश राय**

सिरहा, २१ चैत्र। माध्यमिक शिक्षा परीक्षा (एसईई) अन्तर्गत नेपाली विषयको दोस्रो दिनको परीक्षामा अनुगमन गर्दै प्रशासनले सिरहामा कडाइ गरेको छ। शुक्रबार गरिएको अनुगमनका क्रममा जिल्लाका ९ वटा परीक्षा केन्द्रबाट १९४ मोबाइल फोन र २ थान स्मार्ट वाच बरामद गरिएको शिक्षा विकास तथा समन्वय इकाईले जनाएको छ। परीक्षा मर्यादा उल्लंघन भएको पाइएपछि मोबाइलसहित भेटिएका २ जना केन्द्राध्यक्ष र अन्य ४ जना निरीक्षकलाई निष्कासन गरिएको छ।

निष्कासित हुनेमा बालमन्दिर माध्यमिक विद्यालयका केन्द्राध्यक्ष संजय यादव र जनता माध्यमिक विद्यालय फुलबरियाका केन्द्राध्यक्ष रामकिशोर यादव रहेका छन्। इकाइ प्रमुख दीपक राज कनौलीका अनुसार प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको नेतृत्वमा खटिएको अनुगमन टोलीले परीक्षा अमर्यादित बनाउने प्रयास देखेपछि तत्काल कारबाही गरेको हो। विगतमा सिरहाका परीक्षा केन्द्रहरूमा सेटिङ, प्रभाव र विचौलियाको सक्रियता देखिँदै आएको थियो, जसले परीक्षा प्रणालीको विश्वसनीयतामाथि प्रश्न उठाएको थियो। यस वर्ष त्यस्ता गतिविधि दोहोरिन नदिन कडाइका साथ निगरानी बढाइएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जनाइएको छ।यस वर्ष सिरहाबाट कुल ११ हजार ३७ विद्यार्थी एसईई परीक्षामा सहभागी भएका छन्, जसमा १० हजार ६२५ जना साधारण र ४१२ जना प्राविधिक धारका छन्। परीक्षार्थीमध्ये ५ हजार ३०८ छात्रा र ५ हजार ७२९ छात्र रहेका छन्। जिल्लामा ५१ वटा परीक्षा केन्द्र तोकिएका छन्। राष्ट्रिय परीक्षा बोर्डका अनुसार एसईई परीक्षा चैत १९ देखि २९ गतेसम्म बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन भइरहेको छ।




**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## मानसिक स्वास्थ्य संरक्षणको पूर्वाधार

सहरी क्षेत्रमात्र होइन गाउँ भनिएका बस्तीहरू पनि अचेल हरियालीविहीन हुँदैगएका छन्। एकातिर सामुदायिक वनहरूको संरक्षणमा नेपालले गरेको प्रगतिको सराहना भइरहेको भने समुदाय भने वनसँगको प्रत्यक्ष सम्बन्धबाट क्रमशः टाढिँदै गएको देखिन्छ। प्रकृतिसँग टाढिनुको मूल्य मानव जातिले शारीरिक र मानसिक स्वास्थ्य बिगारेर तिरेको छ। थुप्रै अनुसन्धानहरूले देखाएअनुसार पार्क, हरिया मैदान वा रूखबिरुवाले ढाकिएका ठाउँमा केही समय बिताउँदा पनि मानिसको तनाव घट्छ, ध्यान केन्द्रित गर्ने क्षमता बढ्छ र नकारात्मक सोचको पुनरावृत्ति कम हुन्छ। प्राकृतिक वातावरणमा छोटो समयको हिँडाइले पनि स्मरणशक्ति र मानसिक एकाग्रतामा सुधार हुने प्रमाणहरू अनुसन्धानमा भेटिएका छन्।

अस्पतालका बिरामीदेखि विद्यालयका बालबालिकासम्ममा हरियालीको सकारात्मक प्रभाव देखिनुले प्रकृतिसँगको सम्पर्क मानसिक स्वास्थ्यका लागि आधारभूत आवश्यकता हो भन्ने पुष्टि हुन्छ। पौराणिक कथाका तेजिला तपस्वीहरू वनमा मात्र बसेको वर्णनको त वैज्ञानिक आधार पनि पो रहेछ। एकातिर, विश्वमा मानिस र प्रकृतिबीचको सम्बन्धका बारेमा गरिएको एउटा अध्ययनमा नेपाल पहिलो स्थानमा रहेको देखिएको छ। विज्ञान, स्वास्थ्य, वातावरण, मनोविज्ञान, सार्वजनिक नीतिलगायत क्षेत्रमा शैक्षिक अनुसन्धान प्रकाशक स्प्रिन्जर नेचरको प्रकाशनमा उल्लेख भएअनुसार नेपाल पहिलो स्थानमा रहेको हो। अर्कातिर प्रकृतिसँग निकट हुने पूर्वाधार हरित क्षेत्रबाट भने नेपाली समाज टाढिँदै गएको छ।

काठमाडौं उपत्यकाभित्र भने हरियाली क्षेत्र तिव्रगतिमा खुम्चिँदै गएको देखिन्छ। काठमाडौं र ललितपुर महानगरमातेर होइन अरू नगरपालिकाहरूमा पनि सहरीकरणसँगै हरियाली खुम्चिँदै गएको छ। मानसिक स्वास्थ्य र सन्तुष्टिका लागि भने बस्तीमा जनसंख्या बढेसँगै खुला हरियाली क्षेत्रहरू नागरिकका लागि सहज पहुँचयोग्य विश्रामस्थल बढ्नुपर्थ्यो। हरियाली क्षेत्रहरूको संरक्षणभन्दा उपयोगको स्वरूप परिवर्तन हुने प्रवृत्ति बढ्दै गएको छ। यसले सहरी जीवनलाई भौतिकरूपमा सुविधाजनक त बनाइरहेको होला तर मानसिक रूपमा भने थप तनावयुक्त बनाएको हुन्छ। यो सामान्य अनुभव सिद्ध तथ्य विश्व स्तरका अनुसन्धानबाट पनि पुष्टि भएकाले नीति निर्माताहरू जीवन र हरियालीको पारपाचुके हुन नदिन ध्यान दिनुपर्ने देखिन्छ।

हरियाली क्षेत्रले मानसिक शान्ति कायम राख्नमात्र होइन चर्को जनस्वास्थ्य समस्या बनेको वायु प्रदूषण कम गर्न र तापक्रम वृद्धि घटाउन पनि महत्त्वपूर्ण योगदान गर्छ। ससाना हरियाली क्षेत्र बगैँचा वा वनले सामाजिक भेटघाट बढाउँछ, शारीरिक सक्रियता प्रोत्साहित गर्छ र एक्लोपन घटाउँछ। यी सबै मानसिक स्वास्थ्यका पूर्वाधार हुन्।

त्यसैले हरित क्षेत्रलाई विलासिता होइन सहरी पूर्वाधारकै अनिवार्य अङ्गका रूपमा स्वीकार गर्नुपर्छ। सडक र भवनसँगै मानिसको मानसिक स्वास्थ्यलाई केन्द्रमा राखेर मात्र स्वस्थ सहर निर्माण सम्भव हुन्छ। अबको सहरी योजना सडक र भवनसँगै मानसिक स्वास्थ्यलाई पनि केन्द्रमा राखेर बनाइनुपर्छ। हरित क्षेत्रको संरक्षण र विस्तारलाई प्राथमिकता दिन सकियो भनेमात्र स्वस्थ सहरको परिकल्पना व्यवहारमा चरितार्थ हुनेछ।

# सरकारी कार्यालयमा विचौलिया निषेध

रौतहट, २१ चैत्र। रौतहटको सरकारी कार्यालयमा सेवाग्राहीलाई बिभिन्न बाहनामा दुःख दिने पाँच जनालाई प्रहरीले शुक्रबार पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा यमुनमाई गाउँपालिक -२का सिकित नारायण, राजदेवी नगरपालिका-७ का बब्लुप्रसाद यादव, सोही ठाउका श्याम बिहारी यादव, परोहा नगरपालिक-७ का रामनरेशप्रसाद पटेल र गौर नपालिका-८ का राजेन्द्र राउत बरै रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सिताराम रिजालले जानकारी दिनुभएको छ।

प्रहरीले गौर नगरपालिका-४ स्थित बसपार्क, वडा नं ३ स्थित जिल्ला अदालत, वडा नं ५ स्थित मालपोत कार्यालयलगायतका स्थानबाट ती व्यक्तिलाई पक्राउ गरेको प्रहरी उपरीक्षक रिजालले बताउनुभयो। सरकारी कार्यालयमा सेवाग्राहीलाई विभिन्न काम छिटो गरिदिने भनि अनावश्यक झनझट दिने, तान्ने हैरानी गर्ने, सेवाग्राहीका कागजात बोकी विभिन्न फाँटमा जाने र सोवापत अनुचित लाभ लिनेलगायतका कार्य गरेको भेटेपछि उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको उहाँले जानकारी

-बाँकी तीन पेजमा

# नयाँ संसद, नयाँ 'एजेन्डा' र अपेक्षा

**एकराज पाठक**

लोकतान्त्रिक प्रणालीमा संसद् कानुन बनाउने थलो हो, तर यति मात्र सैद्धान्तिक परिधिभित्र संसद्को भूमिकालाई सीमित गरिनुहुँदैन। किनभने संसद् जनआकाङ्क्षाको प्रतिनिधित्व गर्ने संस्था पनि हो। संसद्ले नै मुलुकको कार्यकारिणी सरकार निर्माण गर्दछ र त्यही सरकारले देश र जनताका लागि काम गर्छ। यसकारण मुलुकको संसद् र सरकार दुवैले जनताको आशा, अपेक्षा र आकाङ्क्षाको प्रतिनिधित्व गर्नुपर्दछ।

हालै सम्पन्न निर्वाचनमार्फत प्रतिनिधिसभामा उल्लेख्य सङ्ख्यामा युवा तथा नयाँ अनुहार जनताका प्रतिनिधिका रूपमा छानिएका छन्। विगतको संसद्मा प्रतिनिधित्व गर्ने अनुहारसँग तुलना गर्ने हो भने हालको प्रतिनिधित्व खासमा नाति पुस्तामा सरेको छ। केही दिनअघि संसद्का ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसदहरूलाई शपथ गराइरहेको दृश्यबाट त्यस्तै देखिन्थ्यो। यो नयाँ ऊर्जा, नयाँ सोच र नवीन 'एजेन्डा' बोकेको उमेर पनि हो र यसले जनताको भावना र चाहनाको पनि प्रतिनिधित्व गर्दछ।

नयाँ जनादेशसहित अब बस्न लागेको संसद्को अधिवेशन केवल औपचारिक बैठकमा मात्र सीमित नभएर देशको दिशा निर्धारण गर्ने एउटा महत्त्वपूर्ण अवसर पनि हो। युवा सांसदहरूको उपस्थितिले यो अधिवेशन अझ परिणाममुखी, उत्तरदायी र जनमुखी हुनुपर्छ। सुशासनको स्थापना र भ्रष्टाचार नियन्त्रण वर्तमान सरकार र संसद्को पहिलो प्राथमिकता हो। हुन त यो यसअघिका सरकार र संसद्को पनि प्राथमिकताकै विषय हो, तर हिजो ती प्राथमिकता केवल भाषणमा सीमित रहे। त्यसैकारण परिणाम पनि निस्किएन। वर्तमान संसद् र सरकार जेनजी आन्दोलनको पृष्ठभूमिमा बनेको हो। सो आन्दोलनको पहिलो र प्राथमिक 'एजेन्डा' भनेकै सुशासन र भ्रष्टाचारको अन्त्य हो। यसकारण पनि भ्रष्टाचारविरुद्ध कडा नीति, कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयनका उपायहरू यो संसद्ले तय गर्नुपर्छ।

सार्वजनिक निकायहरूको पारदर्शिता बढाउने र जिम्मेवार बनाउने विषयमा संसद्ले ठोस भूमिका खेल्नुपर्छ। संसद् सबै राजनीतिक दलहरूका आवाज र योजना मुखरित हुने थलो हो। विपक्षी दलहरूले अघि सार्ने योजना र उनीहरूले राख्ने गुनासा पनि पहिले संसद्मै आउँछन् र संसद्को बाटो भएरै सरकारसमक्ष पुग्ने गर्दछन्। यसकारण पनि यस विषयमा संसद् अझ बढी जागरुक र चनाखो हुनुपर्ने अवस्था छ।

यो उद्देश्य प्राप्तिका लागि सबैभन्दा पहिले नयाँ संसद्ले जनताको विश्वास जित्न पारदर्शिता र उत्तरदायित्वमा ध्यान दिनुपर्दछ। हिजोका दिनमा संसद्प्रतिको जनताको बुझाइ र भोगाइमा व्यापक परिवर्तन ल्याउनु जरुरी छ। विगतको त्यो निराशा र अविश्वासलाई चिर्न संसद्ले आफ्नो भूमिकालाई गम्भीरतापूर्वक निर्वाह गर्दै प्रत्येक निर्णय र गतिविधि जनउत्तरदायी र जनमुखी बनाउन आवश्यक छ। संसद्का छलफलहरू पनि केवल संसदीय व्यवस्थाको निरन्तरता र शब्दजालले भरिएका लम्बेतान बहस मात्र नभएर सार्थक, तथ्यपरक र जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयमा केन्द्रित हुनु जरुरी छ।

जनतालाई दिनुपर्ने 'डेलिभरी'का विषमा केन्द्रित नीति तथा कानुन निर्माण अबको संसद्को मुख्य आकर्षण हुनेछ। यस विषयमा यो संसद्ले नवीनता र व्यावहारिकता थप्ने अपेक्षा जनताको छ। युवा सांसदहरूको आगमनले सूचना प्रविधिको विकास, नवप्रवर्तनसहितको उद्यमशीलता, रोजगारी सिर्जना, शिक्षामा सुधार, स्वास्थ्य सेवाको विस्तार जस्ता क्षेत्रमा नयाँ सोचले प्रवेश पाउने अपेक्षा छ। देशका विद्यमान समस्या जस्तै बेरोजगारी, गरिबी, भ्रष्टाचार र असमानताको समाधानतर्फ केन्द्रित एजेन्डा पनि संसद्ले सुरुमै तय गर्नुपर्दछ।

संसद्मा एउटै पार्टीको बहुमत नरहेको धेरै समय भयो, जसकारण मुलुकमा राजनीतिक स्थिरता छैन। नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले स्पष्ट मात्र होइन दुई तिहाइ नजिकको जनमत हासिल गरेकाले यो जनमतको सम्मान गर्दै हिजोका दिनमा संसद्भित्र देखिने गरेका दलहरूबीचका शक्ति सङ्घर्ष एवं संसद्कै गरिमा घटाउने खालका क्रियाकलापहरू हुन दिने छैन। यसकारण राष्ट्रिय हितका मुद्दाहरूमा संसद्ले साझा समझदारी कायम गर्दै सहकार्यको संस्कृति विकास गर्ने अपेक्षा छ। बहस र आलोचना त संसद्मा हुन्छ नै, त्यो पनि आवश्यकताको सिद्धान्तका आधारमा होस् र विकास र समृद्धिको मार्गमा संसदीय कारबाही अघि बढोस् भन्ने आशा सबै नेपाली जनताले राखेका छन्।

हिजोका दिनमा सांसदहरूले जनतासँगको सम्बन्धलाई सुमधुर बनाउन सकेनन्। उनीहरू चुनाव जितेर राजधानी फर्किएपछि प्रायः गाउँ फर्किएनन्। यो कसैप्रतिको आरोप नभएर प्रतिनिधिसभाको गत निर्वाचनमा जनताले नै मत माग्न जाने उम्मेदवारहरूसँग गरेको गुनासो हो। वर्तमान संसद्का प्रतिनिधिहरूले कम्तीमा पनि आफ्ना मतदाताको आवाज बन्नुपर्ने दायित्वलाई नभुलून् र नियमित रूपमा जनतासँग संवाद गरी समाधानका प्रयास गरून्। यो जनताको अपेक्षा हो र यसले लोकतन्त्रलाई अझ सशक्त पनि बनाउनेछ।

विकास निर्माण होस् या अन्य कुनै अग्रगामी योजना तर्जुमा, सबैभन्दा जटिलता र समस्या देखाउने गरिएको विषय कानुनको अभाव हो। धेरै काम कानुनको अभावले रोकिएका र कतिपय योजनाको ढिलाइमा कानुन नै बाधक देखिने गरेको विगतमा धेरै सुनिएको हो। यसकारण पनि यी सबै बाधा-व्यवधानहरूको अध्ययन गरी प्रभावकारी कानुन निर्माण संसद्को यो अधिवेशनको प्राथमिकतामा पर्नुपर्दछ। यो अधिवेशनले जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित कानुनहरूलाई प्राथमिकता दिनुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि र सुशासनका क्षेत्रमा सुधार ल्याउने विधेयकहरू ल्याएर छिटो पारित गर्नुपर्ने आवश्यकता छ।

सरकारको कामको निगरानी त संसद्को मुख्य काम हो नै। संसद्ले नै सरकारलाई कामयाबी र जवाफदेही बनाउनु पर्दछ। मन्त्रीहरूलाई कामका विषयहरूमा प्रश्न गर्ने, कामको प्रगति माग्ने र समीक्षा गर्ने अनि आवश्यक निर्देशन दिने कार्य पनि संसद्को हो। त्यसैले यस काममा पनि संसद् सक्रिय हुनु जरुरी छ।

यसैगरी, आर्थिक विकास र बजेट तयारीको दिशामा पनि यो संसद् थप सक्रिय हुनुपर्दछ। खासमा सरकारले सुशासन र विकासका कामहरू दिने र सेवाको 'डेलिभरी' दिने काम बजेटमार्फत गर्नुपर्ने हुन्छ। यसकारण देशको आर्थिक अवस्था सुधार गर्न दीर्घकालीन योजना, लगानीमैत्री वातावरण, रोजगारी सिर्जना र उत्पादन वृद्धिमा केन्द्रित छलफललाई संसद्ले थप सिर्जनात्मक र प्रभावकारी बनाउनुपर्ने हुन्छ। यो पनि वर्तमान संसद्को आगामी बजेटका लागि एक प्रकारको स्पष्ट मार्गदर्शन हो।

कतिपय पुराना राम्रा योजना तथा कार्यक्रमलाई निरन्तरता दिए पनि यो सरकारले कामको 'मोडालिटी' भने नयाँ नै प्रस्तुत गर्नुपर्ने छ। युवामैत्री र नवीन एजेन्डा नै वर्तमान सरकारले अघि बढाउनुपर्दछ। यसका लागि आवश्यक पर्ने नियम, कानुनमा यो संसद्ले ध्यान दिनुपर्ने हुन्छ। नयाँ सांसदहरूले 'स्टार्टअप', 'डिजिटल' अर्थतन्त्र, प्रविधि, नवप्रवर्तन जस्ता विषयमा विशेष प्राथमिकता दिनुपर्छ र यसका लागि आवश्यक कानुन निर्माणमा जुट्नुपर्दछ। खासमा यसले नै मुलुकलाई आधुनिक विकासतर्फ अघि बढाउन मद्दत गर्नेछ।

राष्ट्रिय एकताका साथै मुलुकको निकासका लागि आवश्यक पर्ने सहकार्यको वातावरण निर्माण गर्ने थलो संसद् हो। संसदीय प्रजातन्त्रमा संसद् विपक्षीहरूको सत्ता हो भनिन्छ। विपक्षी दलहरूले आफ्ना कुरा सदनमै राख्छन् र सरकारको ध्यानाकर्षण गराउँछन्। सरकारले पनि विपक्षीहरूको मागको तथा जनताका आवाजको जवाफ सदनमै दिनुपर्दछ। त्यसैले दलहरूबीच सहकार्यको भावना विकास गर्दै राष्ट्रिय हितका मुद्दामा एकजुट भएर काम गर्न यो संसद्को अभिभारा गहन हुन आउँछ। विगतमा संसद् अवरोधको शृङ्खला हामीले निकै लामो देख्दै आएका छौं। संसद् अवरोध हुने बहाना विपक्षीहरूले खोजी नै रहेका हुन्छन्। यसलाई पनि सरकारले समयमै सम्बोधन गर्नुपर्दछ।

संसद्लाई सिधै जनतासँग जोड्नका लागि संवाद र सहकार्य जरुरी छ। सरकारले पनि संसद्लाई बिजनेस दिनुपर्ने हुन्छ अनि संसद्ले सरकारसँगको समन्वयलाई प्रभावकारी बनाउनुपर्दछ। संसद्मा मन्त्रीको उपस्थिति जरुरी छ र आफ्नो मन्त्रालयका बारेमा संसद्मा उठेका प्रश्नहरूको जवाफ पनि मन्त्रीहरूले त्यहीँ नै दिँदा प्रभावरकारी हुन्छ। यसका लागि अधिवेशनका छलफलहरू पनि जनताले चासो राख्ने र जनजीविकासँग जोडिने विषयमा केन्द्रित हुनुपर्छ। सांसदहरूले आफ्ना निर्वाचन क्षेत्रका मुद्दाहरू उठाउने र समाधान खोज्ने प्रयास यही थलोबाट गर्नुपर्छ। अन्यथा यो संसद् पनि हिजोका जस्तो निस्प्रभावी र जनताको आकर्षण हुन नसकेको संसद्का रूपमा हुन आउनेछ।

संसद् केवल नीति र कानुन बनाउने मात्र होइन, तिनको प्रभावकारी कार्यान्वयन भए-नभएको अनुगमन गर्ने पनि निकाय हो। यस कार्यका लागि प्रभावकारी संसदीय संयन्त्र आवश्यक छ र त्यसैम आधारमा संसद्को काम-कारबाहीका साथै संसद्ले निर्माण गरेका कानुन, नीति नियमहरूको कार्यान्वयनको अवस्थालाई बलियो बनाउनु पर्दछ।

यसरी यो संसद् अधिवेशनले खासमा काम गर्ने संसद् एवं कामयाबी संसद्को सन्देश दिन सक्नुपर्दछ। यसले थोरै बहस र धेरै परिणामलाई प्राथमिकतामा राख्नुपर्छ। जस्तो कि बजेट छलफलका क्रममा आउने एक रुपैयाँ घटाइयोस् भन्ने जस्ता प्रस्तावहरूमा दिनहुँ छलफल हुने, तर पछि त्यो प्रस्ताव फेल हुनेजस्ता नाटकीय कार्यसूचीमा अल्मलिएर समय बर्बाद गर्ने जस्ता काम यो संसद्मा हुनुहुँदैन।

यस्तै कामहरूका साथै नाराबाजी तथा सानातिना दलीय मागहरूमा पनि संसद् अवरुद्ध गर्ने जस्ता कारण हिजोका दिनमा संसद्प्रति जनताको धारणा सकारात्मक छैन। यसलाई चिर्नका लागि पनि आगामी संसद् अधिवेशनले जनअपेक्षाअनुसार काम गरेर संसद्प्रति जनविश्वास आर्जन गर्ने

-बाँकी तीन पेजमा

## नयाँ संसद,...

र मजबुत बनाउने काममा ठूलो योगदान दिन सक्दछ। हालको संसद्मा जसरी युवा र सिर्जनशील उमेर समूहकाहरूको बाहुल्यता छ, ठीक त्यसैगरी सिर्जनात्मक काम गर्न सक्यो भने नेपालको संसदीय मूल्यमान्यतामा यो संसद्को कामकारबाही नयाँ मानक पनि बन्नसक्छ।

यदि यसो हुन सक्यो भने अबको संसद्ले दीर्घकालीन दृष्टिकोणका साथ देशको समृद्धि र सुशासनतर्फ मुलुकलाई मार्गनिर्देश गर्न सक्दछ। नयाँ पुस्ताको नेतृत्वले पुराना कमजोरीहरूलाई सुधार्दै सकारात्मक परिवर्तनको उदाहरण प्रस्तुत गर्न सकेमा मुलुकको यो संसद् साँच्चिकै नयाँ सोच, नयाँ 'एजेन्डा' र नयाँ दिशा बोकेको संस्थाका रूपमा सुपरिचित र स्थापित हुनेछ। यसका लागि नयाँ सांसदहरूको ऊर्जा, प्रतिबद्धता र जनमुखी कार्यशैली आवश्यक छ। संसद्लाई प्रभावकारी, विश्वासिलो र परिणाममुखी बनाउन अबको संसद् हिजोको जस्तो निरर्थक बहस मात्र गर्ने नभई देश र जनताको जीवनमा वास्तविक परिवर्तन ल्याउने दिशामा अघि बढ्न सक्दछ। आजदेखि सुरु हुन लागेको संसद् अधिवेशनबाट नेपाली जनताले यही अपेक्षा गरिरहेका छन्।

## कञ्चनपुर–कमला ...

सम्पन्न हुन नसकेपछि हालसम्म तीन पटक म्याद थप गरिसकिएको छ।

पहिलोपटक १४ महिना, दोस्रोपटक १२ महिना र हालै तेस्रो पटक ६ महिना थपेर निर्माण अवधि आगामी सन् २०२६ जुनसम्म पुर्‍याइएको छ। आयोजनाको कूल लागत भेरिएसनसहित करिब रु १६ अर्ब आठ करोड ५० लाख अनुमान गरिएको छ, जसमा एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत लगानी रहेको छ। पाँच वर्ष बितिसक्दा पनि आयोजनाको समग्र भौतिक प्रगति जम्मा ६९ प्रतिशत मात्र पुगेको छ। आयोजनाको पूर्वी खण्ड (३९.४२ किमि) मा करिब ६७ प्रतिशत र पश्चिम खण्ड (४७.४ किमि) मा ५५ देखि ६० प्रतिशत मात्र काम सम्पन्न भएको छ। कोभिड–१९ महामारी, रुख कटान र विद्युत्का पोल सार्ने जस्ता काममा ढिलाइ, निर्माण सामग्रीको अभाव र स्थानीयको अवरोधका कारण कामले गति लिन नसकेको योजना प्रमुख श्रेष्ठको भनाइ छ।

सडक विस्तारको सुस्त गतिले लहान र मिर्चैया जस्ता बजार क्षेत्र धुलाम्य बनेका छन्। स्थानीयवासीमा श्वासप्रश्वास सम्बन्धी समस्या देखिनुका साथै अधुरा पुल र साँघुरा डाइभर्सनका कारण दुर्घटनाको जोखिम बढेको छ। ठेकेदार र कन्सल्ट्यान्टलाई निरन्तर ताकेता गरिरहेको योजना प्रमुख श्रेष्ठले बताए।

## मुसहर...

बुझाउँदै हरेक शनिबार सञ्चालन गरिने अभियानले दीर्घकालीन रूपमा मुसहर समुदायको जीवनस्तर सुधार हुने अपेक्षा गरिएको उनले बताए। उनका अनुसार अभियानको क्रममा समुदायलाई राखेर कुराकानी गरिएपछि उनीहरूकै सहमतिमा हरेक बस्तीमा महिला पुरुष रहेको कम्तीमा पाँचसदस्यीय निगरानी समूहसमेत गठन गरिएको छ।

'समूहले बस्तीका हरेक घरबाट विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय गए/नगएको निगरानी गर्ने, नगएको भए सम्झाउने, विद्यालयमा मुसहर बालबालिकालाई विशेष ध्यान दिन शिक्षक शिक्षिकाहरूलाई आग्रह गर्नेछन्,' उनले भने, 'त्यसबाहेक विद्यालय जान तयार भए पनि अभिभावकको नागरिकता नहुँदा समस्यामा रहेका बालबालिकाको हकमा वडा कार्यालयसँग समन्वय गरी जन्मदर्ता र अभिभावकको नागरिकताका लागि पहल गरिनेछ।'

प्रायः गाउँब्लक, ऐलानी, पर्ती जग्गामा बस्दै आएका मुहसर समुदायको असुरक्षित बसोबासका कारणले नागरिकता नहुने र त्यस्ता बाबुआमाबाट जन्मिएका बालकालिकाको जन्म दर्ता नरहेको मुहसर समुदायका सामाजिक अभियानकर्मी बहादुर सदायले बताए। 'बाबुआमाको नागरिकता नरहेका बालबालिकाको जन्मदर्ता बनाउन नै ठूलो संघर्ष गर्नुपर्छ,' उनले भने, 'जन्मदर्ता बनाएर विद्यालय भर्ना भएका मुसहर बालबालिकालाई टिकाउन गाह्रो छ।' त्यसका लागि नागरिकता, जन्मदर्ता बनाउने अभियानसँगै गरिबीमा बाँचिरहेका मुसहर समुदायलाई जीविकोपार्जनका लागि वैकल्पिक व्यवस्था गरिनुपर्नेमा जोड दिँदै उनले भने, 'मुसहर बालबालिकाको शिक्षामा प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम बनाएर लागू गर्नुपर्छ।'

**तीन बस्तीमा वैकल्पिक शिक्षा कार्यक्रम**

विभिन्न कारणले विद्यालय छोडेका दलित तथा मुस्लिम बालबालिकालाई लक्षित गरी लहानको चार गाउँमा अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ। अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमअन्तर्गत लहान नगरपालिका १८ को बिसनपुर, शोभापुर, १३ नं. वडाको घलेटोल र डन्डा टोलमा शनिबारबाहेक दैनिक दुई घण्टा ट्युसन कक्षा चलाइएको हो।

घरायसी कारण, गरिबीलगायतका कारणले विद्यालय छोडेर घरमै बसिरहेका बालबालिकाका लागि रोटरी क्लब अफ त्रिपुरेश्वर काठमाडौं र अस्ट्रेलियाको फ्लेमिंटन केन्सिंटनको सहयोगमा गत फागुनदेखि नगरपालिकाको समन्वयमा लहानस्थित दलित जनकल्याण युवा क्लबको सहजीकरणमा दुवै गाउँमा अनौपचारिक तथा वैकल्पिक शिक्षाअन्तर्गत स्थानीय सहजकर्ताले बालबालिकालाई दैनिक दुई घण्टा पढाइरहेको क्लबका कार्यकारी निर्देशक विनोदकुमार बिसुन्केले बताए। उनका अनुसार वैकल्पिक शिक्षा पढिरहेका ६० जना बालबालिकाहरू स्थानीय सहजकर्ता, वडा कार्यालय र नगरपालिकाको समन्वयमा नजिकैको सामुदायिक विद्यालयमा भर्ना गरी नियमित पढ्न गइरहेको उनले बताए।

त्यसबाहेक, दलित समुदायका मुसहर र गरिब विपन्न परिवारका बालबालिकालाई नगरपालिकाले स्टेसनरी सामग्री सहयोगस्वरूप नगरमार्फत आवश्यक कापी कलम बाँड्ने योजना रहेको लहान नगरप्रमुख महेशप्रसाद चौधरीले बताए। उनका अनुसार नगरका दलित बस्तीमा ट्युसन कक्षा सञ्चालनका लागि २९ जना सहजकर्ता भर्ना गरी २९ दलित बस्तीमा दैनिक ट्युसन कक्षासमेत सञ्चालन भइरहेको छ।

# एक लाख ऋण : साहुले मागे ६ लाख, ३ दिनदेखि पीडित महिला हिरासतमा

### गृह मन्त्रालयकै निर्देशनविपरीत मिटरब्याज पीडित महिला ३ दिनदेखि प्रहरी हिरासतमा

**विनय आजाद**

सिरहा, २१ चैत्र। सिरहाको कर्जन्हा नगरपालिका–८ थल्हा गौतारीका ४० वर्षीय मनोज कुँवर तीन दिनयता जिल्ला प्रहरी कार्यालय, सिरहाको परिसरमै भेटिन्छन्। उनी प्रहरी कार्यालय परिसरमा एकान्तमा बसेर घरीघरी आँखाबाट आँसु झार्छन्, दिनभर कसैको प्रतीक्षा गर्छन्, अनि साँझ फेरि निराश भएर घर फर्किन्छन्।

यसरी प्रहरी कार्यालयमा दिनभर उनले प्रतीक्षा गर्ने गरेको अरू कसैको नभएर आफ्नी जीवनसाथीको हो। उनकी पत्नी ३५ वर्षीया पानवती देवी दनुवार गत मंगलबारदेखि नै जिल्ला प्रहरी कार्यालय, सिरहाको हिरासतमा छिन्। पानवतीलाई प्रहरीले मंगलबार दिउँसो मिर्चैयाबाट पक्राउ गरी सिरहा लगेको थियो। उनीमाथि लेनदेन बिगो मुद्दा छ। सिरहा जिल्ला अदालतले पानवतीलाई गत कात्तिक २१ मा एक वर्षको कैद सजाय सुनाएको छ। उनले तीन वर्षअघि ससुरा गंगा कुवँर बिरामी हुँदा उपचारका लागि मिर्चैयामा मिटरब्याजमा पैसा लगाउने काम गर्दै आएका वीरेन्द्र साहसँग २०७९ पुसमा एक लाख रुपैयाँ ऋण लिएकी थिइन्।

त्यसबापत पानवतीसँग वीरेन्द्रकी श्रीमती इन्दु साहलाई धनी कायम गरी मूलधनको तेब्बर अर्थात् तीन लाखको कपाली तमसुक बनाइएको थियो। तर, ऋण २०७९ पुसमा लिइएको भए पनि तमसुक भने २०७५ साउन १३ गते मिति राखेर बनाइएको छ। मधेशमा मिटरब्याज धन्दा मौलाएको, साहुहरूले ऋणीसँग वास्तविक मूलधनभन्दा बढी रकमको कपाली तमसुक बनाउने गरेकोजस्ता विषय बाहिरिएपछि सरकारले २०७५ साउन २० गतेदेखि आर्थिक लेनदेनको कारोबार गर्दा वडा कार्यालयमा जनप्रतिनिधि वा कर्मचारीको रोहबरमा गर्नुपर्ने र कपाली वडा कार्यालयमा अनिवार्य दर्ता गराउनुपर्ने व्यवस्था लागू गरेको थियो।

त्यसैले यो व्यवस्था लागू भएको मितिभन्दा अघिको मितिमा साहुले भनेबमोजिम कपाली गरिदिएको पानवतीका श्रीमान् मनोज कुँवरले सुनाए। अदालतले साहुलाई सवा ६ लाख रुपैयाँ तिर्नुपर्ने फैसला सुनाएको उनले बताए। मनोजका अनुसार, कपालीको मुनिको भागमा वास्तविक मूलधन र मिति लेखिएको भए पनि त्यसलाई काटेर साहुले अदालतमा मुद्दा हाल्दा यति धेरै बिगो हुन आएको हो।

साहुले अदालतमा हालिदिएको कुरा थाहा पाएलगत्तै मनोज र पानवती पति–पत्नीले साहुलाई आफूहरूको आर्थिक अवस्था दयनीय रहेको भए पनि मिलाएर लिइदिन आग्रह गर्दै आएका थिए। तर, साहु वीरेन्द्रले कम्तीमा ६ लाख रुपैयाँ दिनुपर्ने भन्दै आएका थिए। उनीहरूले त्यति तिर्न नसक्ने बताएपछि साहुले जेलमै पठाउने धम्की दिँदै आएका थिए।

'मेरो बुवा बिरामी भएर पैसाको जरुरी थियो, त्यतिबेला साहुले जसरी भन्यो त्यसरी गर्नैपर्‍यो, यस्तो होला भन्ने लागेको थिएन,' मनोज सुनाउँछन्, 'म त्यतिखेर मलेसियामा थिएँ, त्यता मेरो कमाइ राम्रो थिएन, त्यसैले समयमै पैसा तिर्न सकिनँ, मुद्दा हालेपछि अरूसँग ऋण लिएर भए पनि पैसा दिन्छु, मिलाएर लिइदिनुस् भन्दा पनि नमानेर मेरी श्रीमतीलाई पक्राइदिनुभयो।'

पानवतीलाई अदालतमा पेश गर्ने र अदालतबाट कारागार पठाउने तयारी प्रहरीले गरेको छ। अहिले पानवती प्रहरी हिरासतमै रहेको र उनलाई अब अदालतमा पेस गर्ने तयारी भएको जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले बताए।

गृह मन्त्रालयले भने कात्तिक २३ मा देशभरका जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै 'कतिपय पीडकले पीडितमाथि नै मुद्दा दायर गरेका कारण पक्राउ पुर्जी जारी भएको भए त्यस्ता पीडितलाई छलफलमा आउने व्यवस्था मिलाउने' निर्देशन दिएको थियो।

# सवारीसाधन दुर्घटनामा एकको मृत्यु, दुई जना घाइते

सुनसरी, २१ चैत्र। सुनसरी इटहरी उपमहानगरपालिका–२० तरहरामा मोटरसाईकल दुर्घटना हुँदाएक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्। मृत्यु हुनेमा इटहरी–२ शान्तिनगरका अन्दाजी ५० वर्षीय अमरबहादुर भुजेल रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो। प्रदेश १–०२–०२० प ६८८३ नम्बरको मोटरसाइकल र प्रदेश१–०२–०२० प६३४० नम्बरको अर्को मोटरसाइकल एकआपसमा शुक्रबार साँझ ठोक्किला भुजेल गम्भीर घाइते भएका थिए। उपचारका क्रममा उपचारको क्रममा मृत्यु उनी मृत्युभएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

दुर्घटनामा मोटरसाइकलमा सवार इटहरी–२० तरहराका १७ वर्षीय

–बाँकी अन्तिम पेजमा

# जेनजीको नाममा त्रासः वडाध्यक्ष भन्छन्, 'हामी मानसिक रूपमा एकदमै त्रसित छौँ'

बारा, २१ चैत्र। जीतपुर–सिमरा उपमहानगरपालिका वडा नम्बर २० को वडा कार्यालय एक सातादेखि बन्द छ। वडाध्यक्ष, वडासचिव र कर्मचारीहरूले शान्ति सुरक्षाको कारण देखाउँदै वडा कार्यालय बन्द गरेका हुन्। आइतबार दिउँसो जेनजी समूहका केही युवाहरूले अचानक वडा कार्यालयमा प्रवेश गरी टेबल–कुर्सी तोडफोड गर्नुका साथै जनप्रतिनिधि र कर्मचारीमाथि दुर्व्यवहार गरेपछि शान्ति सुरक्षाको कारण देखाउँदै वडाबाट प्रदान गरिने सबै सेवा बन्द गरिएको हो।

स्थानीय शम्भु यादवको नेतृत्वमा ५०/६० जनाको संख्यामा आएका युवाहरूले विद्यालयको शौचालय जीर्ण भएको, नाला सरसफाइको भुक्तानी नपाएको, स्वास्थ्य चौकी सञ्चालनमा नआएको र वडाको मसानघाटको जग्गा अतिक्रमण भएको विषयमा विवाद सुरु गरेका वडाध्यक्ष रसुलमियाँ अन्सारीले बताएका छन्। सामान्य छलफलबाट टुंगो लाग्न सक्ने विषयमा युवाहरूको समूह एक्कासि तोडफोड र आक्रमणमा उत्रिएको उनले बताए।

वडाध्यक्ष अन्सारीले भने, 'हामी मानसिक रूपमा एकदमै त्रसित छौँ। जेनजीको नाममा त्रास फैलाउने काम भएको छ। शान्ति सुरक्षाको ग्यारेन्टी नभएसम्म वडा कार्यालयबाट सेवा सुरु गर्न सकिँदैन।' जीतपुर–सिमरा उपमहानगरपालिका वडा नम्बर २० ले वडाभित्र रहेका जीर्ण शौचालय मर्मतका लागि चालु आर्थिक वर्षमा ३ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। अन्सारीले बताएअनुसार, नाला सरसफाइको हकमा प्रत्येक वर्ष वडाले पालिकाको जेसिभी प्रयोग गरेर सरसफाइ गर्दै आएको छ। तत्कालीन नगरप्रमुख स्वर्गीय कृष्ण पौडेलको कार्यकालमा निर्माण भएको स्वास्थ्य चौकीमा विद्युत् मिटर जडान नहुँदा र घेराबार लगायतका कारणले सञ्चालनमा आउन सकेको छैन। मसानघाटको जग्गा भने आफू वडाध्यक्ष (२०७४ देखि निरन्तर) हुनुअघि नै अतिक्रमणमा परेको अन्सारीको भनाइ छ।

वडाध्यक्ष अन्सारीले जेनजी समूहका युवाहरू एक्कासि आक्रामक भई हातपातमा उत्रिएको भन्दै बिहीबार भएको कार्यपालिका बैठकमा समेत गुनासो गरे। उनले शान्ति सुरक्षाको माग गर्दै उपमहानगरमा लिखित निवेदन दिएका छन्। अन्सारीको निवेदनमा बुधबार उपमहानगरले स्थानीय प्रशासनलाई पत्राचार गर्दै शान्ति सुरक्षा व्यवस्थापन गरिदिन आग्रह गरेको छ। पत्रमा भनिएको छ, 'अध्यक्ष एवं कर्मचारीमाथि ज्यान मार्ने नियतले आक्रमण गरेकोले उक्त घटनामा संलग्न व्यक्तिलाई तत्काल कानुनी कारबाही गरी कार्यालय पुनः सञ्चालनका लागि शान्ति सुरक्षा व्यवस्थापन गर्न सहयोग गरिदिनुहुन अनुरोध छ।'

वडासचिव हरिकिशोर साहले जिउ–ज्यानको सुरक्षाभन्दा जागिर ठूलो नभएको टिप्पणी गरेका छन्। वडा सचिव साहले भने, 'सोमबारदेखि वडा कार्यालयका सबै सेवा बन्द छन्। शान्ति सुरक्षाको ग्यारेन्टी नभएसम्म काममा फर्कन सकिँदैन।' उपमहानगरपालिकाको बिहीबार बसेको कार्यपालिका बैठकमा वडाध्यक्ष अन्सारीले जस्तै वडा नम्बर १३ का वडाध्यक्ष हेमनारायण चौधरी, वडा नम्बर २ का वडाध्यक्ष धनबहादुर श्रेष्ठलगायत केही जनप्रतिनिधिहरूले जेनजीका नाममा युवाहरूले वडामा आएर धम्काउने, कानुनविपरीत काम गर्न दबाब दिने र वडामा त्रास फैलाउने काम गरेको भन्दै गुनासो राखेको उपमहानगरपालिकाले जनाएको छ।

वडा नम्बर १३ का वडाध्यक्ष चौधरीले जेनजीका युवाहरूले राम्रा विषयहरू उठाए पनि प्रस्तुत गर्ने शैली नमिल्ने गरेको बताए। वडाध्यक्ष चौधरीले भने, 'जेनजीका युवाहरूले धम्कीपूर्ण भाषामा यो भएन, त्यो भएन, किन भएन भनेर भन्नुभएको छ। उहाँहरू अनुशासित भएर कानुनसम्मत रूपमा आएमा हामी सबै कुरा मान्न तयार छौँ।' भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका कारण जीतपुर–सिमराका आधा दर्जनभन्दा बढी वडा कार्यालयहरू क्षतिग्रस्त छन्। जसका कारण पछिल्लो समय धेरै ऊर्जावान् वडाध्यक्षहरू निराश भई जोखिम लिएर काम गर्ने मानसिकतामा छैनन्। यसअघि अतिक्रमणमा

–बाँकी अन्तिम पेजमा

# देवीदहको पर्यटन प्रवर्द्धनका लागि 'विष्णु महायज्ञ'



सिरहा, २१ चैत्र। जिल्लाको धार्मिक तथा पर्यटकीयस्थल देवीदहको पर्यटन प्रवर्द्धन र प्रचारप्रसारका लागि विष्णु महायज्ञ आयोजना गरिएको छ। लहान नगरपालिकाको वडा नं १७ स्थित पर्यटकीय क्षेत्रमा चैत १९ गतेदेखि २९ गतेसम्म महायज्ञ आयोजना हुने छ। महायज्ञ आयोजक महात्मा शिवलाल दास र चुलहाइ दासका अनुसार विगत तीन वर्षदेखि यहाँ निरन्तर महायज्ञ आयोजना गरिँदै आएको छ। यसले मानव कल्याणका साथै स्थानीयवासीमा धार्मिक सद्भाव बढाउन र आपसी वैमनस्यता घटाउन मद्दत पुग्ने विश्वास लिइएको छ।

करिब नौ बिघा क्षेत्रफलमा फैलिएको दहको प्रचारप्रसारका लागि पनि महायज्ञ आयोजना गरिएको जनाइएको छ। १० वर्षअघि प्रथम राष्ट्रपति डा रामवरण यादवले यस क्षेत्रको अवलोकन गरी संरक्षणमा चासो देखाएपछि नै यहाँ आन्तरिक पर्यटककीय गतिविधि बढिरहेका छन्। देवीदह वन उपभोक्ता समूह तथा संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादवले उचित बजेट र संरक्षणको अभावमा दहको अवस्था दयनीय बन्दै गएको छ। उहाँले भन्नुभयो, "यो दह धार्मिक तथा ऐतिहासिक हिसाबले प्रसिद्ध छ, तर बजेट नहुँदा संरक्षण हुन सकिरहेको छैन। पर्यटकलाई जलयात्राका लागि ल्याइएका चारवटा डुङ्गाहरू बिग्रिएर प्रयोगविहीन छन्, कतिपय संरचना अधुरै छन्। मधेस प्रदेशसभा सदस्य ललिता दासले पहलमा यहाँ उपलब्ध गराइएको रु २५ लाखबाट हाल केही काम भने भइरहेका छन्।"

लहान, १७ का वडाध्यक्ष प्रथमलाल चौधरीले यसअघि ठूला योजना निर्माणका लागि प्रयास गरिए पनि कार्यान्वयन नभएको बताउनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०७७/७८ मा रु छ करोड ९३ लाखभन्दा बढीको लागतमा ठेक्का लागे पनि नगरपालिकाले बेहोर्नुपर्ने रु एक करोड ८० लाखको दायित्व नलिँदा कार्यान्वयन भएन। त्यसबेला पर्यटन बोर्डसँग सम्झौता भएको रु पाँच करोड २२ लाखको योजना कार्यान्वयन नहुँदा पछि नयाँ पूर्वाधार बनाउन नसकिएको र पुराना संरचनासमेत जीर्ण भएका वडाध्यक्ष चौधरीले गुनासो गर्नुभयो।

उहाँले यस सिमसार तथा धार्मिक क्षेत्रको महत्त्वलाई उजागर गर्न र ओझेलमा परेको पर्यटनलाई पुनः चलायमान बनाउन महायज्ञले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कविता

## नयाँ सरकार निमन काम



**भोला यादव**
रौतहट पेटभर्वा

नयाँ सरकार आईल बा, नया उमंग जगाईल बा,
जनता के दिल में अब आशा के दिया जराईल बा।
भ्रष्टाचार के जड़ उखाड़े, साफ-सुथरा राज करी,
गरीब-गुरबा के हक दिलावे, सबके साथे आज चली।
स्कूल-हा'स्पिटल सुधरी जाव, शिक्षा-इलाज सस्ता हो,
गाँव-शहर सब एक समान, विकास के रस्ता हो।
रोजगार के मौका बढ़े, नौजवान मुस्काई,
परदेस जाए के मजबूरी अब धीरे-धीरे घटाई।
जात-पात के भेद मिटे, सबके सम्मान मिले,
दलित, पिछड़ा, सबके आवाज सरकार सुने।
नेता ना बने मालिक अब, जनता के सेवक बन जाव,
सत्ता ना रहे कुर्सी खातिर, देश के खातिर काम आव।
ई सरकार अगर सच में दिल से काम करी,
नेपाल के भविष्य चमकी, दुनिया में नाम करी।
जनता के भरोसा टूटे ना, ई ध्यान रखे हरदम,
नयाँ नेपाल बनावे खातिर, सब मिल के बढाबे कदम।

### जेनजीको नाममा...

परेको सार्वजनिक जग्गा संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका उपमहानगरपालिका वडा नम्बर १२ का वडाध्यक्ष श्याबाबु खाँ चौधरी अब जसोतसो १ वर्ष कार्यकाल बिताउने बताउँछन्। उनले वडा कार्यालय नहुँदा काम गर्ने ऊर्जा नै मरेको गुनासो गरे।

यता जेनजीका नाममा जनप्रतिनिधिहरूमा त्रास फैलाएको भन्दै नगरप्रमुख राजन पौडेलले सामाजिक सञ्जालमार्फत वडाध्यक्षहरू वडामा बसेर काम गर्न अप्ठ्यारो र असुरक्षित महसुस गरेको टिप्पणी गरेका छन्। नगरप्रमुख पौडेलले भने, 'कार्यपालिका बैठकमा केही वडाध्यक्षज्यूहरूले वडामा बसेर काम गर्न अप्ठ्यारो भएको र असुरक्षित महसुस भएको जानकारी गराउनुभएको छ। वडामा बसेर काम गर्ने जनप्रतिनिधिहरूलाई सुरक्षित महसुस गर्ने वातावरण बनाइदिनुहुन बालेन सरकारसँग अनुरोध गर्दछु।'

यता राष्ट्रिय स्वतन्त्र पार्टी, जीतपुर-सिमराका नगर अध्यक्ष सुरेश केसीले रास्वपाको नाममा अराजकता फैलाउन खोज्ने युवाहरूलाई पार्टीले स्वीकार नगर्ने बताएका छन्। नगरसभापति केसीले भने, 'रास्वपाको नाम लिएर हाम्रो सरकार छ भन्दै विधि-प्रक्रिया नमिल्ने विषयमा धम्काउने, अभद्र व्यवहार गर्ने गरेको गुनासो आएको छ। हाम्रा कार्यकर्ता र पार्टी संगठनका युवाहरूबाट कानुनविपरीत काम भएको छ भने कारबाहीका लागि पार्टीको माथिल्लो निकायमा सिफारिस गर्छौं।'

**वडा कार्यालय बन्द भएको जानकारी छैन : प्रजिअ**

जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख (प्रजिअ) धर्मेन्द्र कुमार मिश्रले शान्ति सुरक्षाको कारण देखाउँदै वडा कार्यालय बन्द भएको विषय आफूलाई जानकारी नभएको बताएका छन्। प्रजिअ मिश्रले भने, 'सेवा किन बन्द गर्नुभयो, मलाई केही जानकारी छैन त। असुरक्षा भयो भनेर उहाँहरूले भन्नुपर्‍यो, त्यसपछि पो शान्ति सुरक्षा गर्ने हो।' प्रजिअ मिश्रले पालिकाबाट 'जबरजस्ती तोडफोड' गरेको भन्ने व्यहोराको पत्र मात्रै आएको बताए। उनले भने, 'वडाध्यक्ष, वडासचिवलाई काम गर्न असहज भयो, असुरक्षा भयो भने हामीलाई रिपोर्ट गर्नुपर्‍यो। अब तपाईंहरूबाट जानकारी पाएँ, के रहेछ बुझ्छु।' कार्यपालिका बैठकमा ६ जनाजति वडाध्यक्षहरूले जेनजीको नाममा त्रासको वातावरण सिर्जना भएको भन्दै सेवा प्रदान गर्न नसक्ने बताएका थिए।

### सरकारी कार्यालयमा ...

दिनुभएको छ।

यसैबीच प्रहरीले जारी माध्यामिक शिक्षा परीक्षामा अनलाइन माध्यमबाट चिट चोरेको भेटिएपछि तीन जनालाई नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिनुभयो।

### सवारीसाधन दुर्घटनामा...

रोहित गिरी र १९ वर्षीय स्माइल राई घाइते भएको प्रहरीले जनाएको छ। राईको धरानस्थित बिपीकोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान मै उपचार भइरहेको छ भने गिरीको विराटनगरस्थित विराट टिचिङ अस्पतालमा उपचार भइरहेको छ।

# विषयगत शिक्षक अभावले बारामा एसईई उत्तरपुस्तिका परीक्षणमा कठिनाइ

विषयगत शिक्षकको अभावका कारण बाराका अधिकांश परीक्षा केन्द्रमा एसईईको उत्तरपुस्तिका परीक्षणमा ढिलाइ भइरहेको छ।

**लक्ष्मी साह**

बारा, २१ चैत्र। महागढीमाई नगरपालिका-१० गञ्जभवानीपुर स्थित भोला मावि परीक्षा केन्द्रमा ४ वटा विद्यालयको ३ सय ७५ परीक्षार्थीले माध्यमिक शिक्षा परीक्षा (एसईई) दिइरहेका छन्। तर, यहाँ गत बिहीबार र शुक्रबार क्रमशः भएको अंग्रेजी र नेपाली विषयको उत्तरपुस्तिका परीक्षण गर्न सकिएको छैन्। एक महिनाभित्र नतिजा प्रकाशन गर्ने लक्ष्य राखेको सरकारले तीन दिनभित्रमा हरेक विषयको उत्तरपुस्तिका परीक्षण सक्नुपर्ने समयसीमा निर्धारण गरे पनि विषयगत शिक्षक अभावले समस्या भइरहेको केन्द्राध्यक्षहरुले जनाएका छन्।

'कम समय र विषयगत शिक्षक अभावले उत्तरपुस्तिका परीक्षणमा मुस्किल भइरहेको छ,' भोला माविका केन्द्राध्यक्ष भोलाप्रसाद कुसवाहाले भने, 'परीक्षणको लागि विषयगत शिक्षक जुटाउनै धौधौ परिरहेको छ, अर्को विद्यालयबाट शिक्षक बोलाउन खोज्दासमेत पाउन कठिनाइ छ।' बिहान ६ बजेदेखि बेलुका ९ बजेसम्म खटिँदासमेत समयसीमाभित्र उत्तरपुस्तिका परीक्षणको काम हुन नसकिएको उनले बताए।

सिम्रौनगढ नगरपालिका-६ को कंकाली माविमा ४ वटा विद्यालयको परीक्षा केन्द्र छ। त्यहाँ दैनिक ३ सय ५० परीक्षार्थीले परीक्षा दिइरहेका छन्। त्यहाँ पनि गञ्जभवानीपुर केन्द्रकै जस्तो समस्या छ। यो विद्यालयमा मावि तहका विषयगत शिक्षक ५ जना मात्र छन्। 'पहिलो दिनको अंग्रजी विषयको उत्तरपुस्तिका परीक्षणका लागि ४ जना विषयगत शिक्षक जुटाएर परीक्षण गर्दा पनि सम्भव भएन,' कंकाली मावि परीक्षा केन्द्रका सहायक केन्द्राध्यक्ष विद्यानन्द यादवले भने, 'एक शिक्षकले दिनभरमा बढीमा ४० उत्तरपुस्तिका दैनिक परीक्षण गरेका छन्।'

शुक्रबार नेपाली विषयको उत्तरपुस्तिका परीक्षण गर्न ८ जना शिक्षक जेनतेन जुटाए पनि तोकिएको समयभित्र परीक्षण गर्न नभ्याएको उनले बताए। 'मावि तहका विषयगत शिक्षकको सबैतिर अभाव छ,' उनले भने, 'जिल्लामा विष्यगत शिक्षक अभावले कठिनाइ भइरहेको छ।' परीक्षण गर्ने शिक्षक अभाव र उत्तरपुस्तिका शिलबन्दी गर्नुपर्ने, सुरक्षा निकायमा बुझाउनुपर्ने, अंकको अभिलेखलगायत काम भ्याउन धौधौ भइरहेको उनले बताए।

सरकारले परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरी एक महिनाभित्र नतिजा ल्याउने लक्ष्य लिएको छ। तर, उत्तरपुस्तिका परीक्षणका लागि चाहिने परीक्षक ( विषयगत शिक्षक) को अभावले समयमै उत्तरपुस्तिका परीक्षण हुनेमा चुनौती थपिएको केन्द्राध्यक्षहरुले बताउँछन्। 'यो समस्या भने एकाध परीक्षा केन्द्रमा छैनन्,' केन्द्राध्यक्ष कुसवाहाले भने, 'जिल्लाभर समस्या छ।' बारामा ३० वटा परीक्षा केन्द्र छन्।

जिल्लामा सबै विषयका मावि तहका शिक्षकको अभाव रहेको शिक्षा समन्वय इकाई प्रमुख अशोकप्रसाद रौनियार स्वीकार्छन्। 'प्रावि, निमावि तहका भए पनि 'म्यारिट' र अध्यापनमा पोख्त भएकाबाट परीक्षण गराइरहेका छौं,' उनले भने। शिक्षा समन्वय इकाई बाराका प्रशासन फाँटका कर्मचारी उपेन्द्र चौधरीकाअनुसार जिल्लामा रहेका १ सय ६३ सामुदायिक र नीजि विद्यालयका १० हजार ८ सय १४ परीक्षार्थीले जिल्लाभरका ३० वटा परीक्षा केन्द्रबाट परीक्षा दिइरहेका छन्। परीक्षकको व्यवस्थापनमा चुनौती भए पनि सबै परीक्षा केन्द्रमा उत्तरपुस्तिका परीक्षण भइरहेको उनले बताए। 'जिल्लामा सबै विषयका मावि तहका १ सय ६९ जना मात्र विषयगत शिक्षक छन्,' उनले भने, 'जबकि यसको दोब्बर भन्दा बढी विषयगत शिक्षक आवश्यक छ।'

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)